बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

धादिङबेसी, धादिङ।

## पशुपन्छी विकास कार्यक्रमको प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/१०/१७

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालनका लागि यस जिल्ला भित्रका मापदण्ड पुरा गरेका इच्छुक आवेदकले यो सूचना प्रकाशित मितिले ३० दिन (२०७९/११/१७) भित्र रु. १० को हुलाक टिकट टाँसी **"पशुपन्छी विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९"** को **अनुसूची-२** बमोजिमको **आवेदन पत्र** सहित तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौट प्रक्रियामा समावेश नहुने व्यहोरा जानकारी गराइन्छ ।

तपशिलः

| क्र.सं | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यालयको तर्फबाट अधिकतम प्रोत्साहन रकम | आवेदक | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | प्याकेज | २ | १५ लाख प्रति इकाई | दुग्ध उत्पादक सहकारी संस्था | संस्थाको स्थापना १ वर्ष पुरा भएको, दैनिक कम्तीमा ३०० लि. दुध संकलन, आवेदक संस्थाले दैनिक कम्तीमा २० लि. दुध विक्री गर्ने १५ जना कृषकको प्याकेज बनाई प्रस्ताव पेश गर्नुपर्ने | |
| २. | खरी बाख्रा विकास कार्यक्रम | प्याकेज | १ | २५ लाख प्रति इकाई | पशुपालक कृषक समूह | समुहमा कम्तीमा १० जना खरी बाख्रा पालक कृषक सदस्य, प्रत्येक सदस्यसँग कम्तीमा ५ वटा खरी माउ बाख्रा र अनिवार्य विमा गरेको हुनुपर्ने | |
| ३. | स्थानीय ग्रामिण कुखुरा संरक्षण र प्रवर्द्धन कार्यक्रम | वटा | ५ | ३ लाख प्रति इकाई | निजी फार्महरु | कम्तीमा २०० वटा स्थानीय जातको कुखुरापालन गरेको हुनुपर्ने | |
| ४. | पशु आहारा आत्मनिर्भर कार्यक्रम<br>क. विउ उत्पादन तथा प्रवर्द्धन कार्यक्रम<br>ख. साइलेज उत्पादनको लागि मकै खेती<br>ग. घाँस खेती विस्तार कार्यक्रम | हेक्टर | ३० | ११ लाख | पशुपालक कृषक समूह /सहकारी/ निजी उद्यमी | घाँस खेतीका लागि आवश्यक जग्गा भएका | |

कार्यालय प्रमुख

आवेदन पत्र साथ पेश गर्नुपर्ने कागजातहरु:

१. अनुसूची-४ बमोजिमको कार्ययोजना

२. अनुसूची-५ बमोजिमको स्व-घोषणा

३. अनुसूची-६ बमोजिमको कार्यक्रम सञ्चालन गरिने स्थानसम्मको नक्सा

४. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

५. कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाणपत्रको प्रतिलिप

६. गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)

७. कृषक समूह/सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धी बैठकको निर्णय प्रतिलिपि

८. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा पाँच वर्षको करार सम्झौता पत्र

९. सम्बन्धित स्थानीय तहको सिफारिस (कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी)

१०. समूह/सहकारीले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र ।

नोटः कार्यक्रम सम्बन्धी थप जानकारी कार्यालयको सूचना पाटीबाट र फोन नं. ०१०-५२०१०७ मा सम्पर्क राखी लिन सकिने छ। **पशुपन्छी विकास कार्यक्रम सञ्चालन प्रक्रिया, २०७९** मन्त्रालयको वेबसाइट **http://molmac.bagamati.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

**कार्यालय प्रमुख**